# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल: info@pokharamun.gov.np

पत्र संख्या : ०८०/०८१
चलानी नं.

## स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९ बमोजिम स्तरबृद्धि गर्ने सम्बन्धी सूचना
**सूचना प्रकाशन मिति : २०८०/०९/१८**
**सूचना नं. ०२/२०८०/८१ (तहबृद्धि)**

गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को परिच्छेद ५ दफा २७ (१) र दफा ३९ बमोजिम स्तरबृद्धि हुने पद भन्दा एकतह मूनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र पछिल्ला पाँच आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उप-समूह भित्रको पदमा तहबृद्धि गर्ने प्रयोजनको लागि **मिति २०८०/०९/१६** को नगरकार्यपालिकाको कार्यालयस्तरीय निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को परिच्छेद ५ को दफा २७ र दफा ३९ बमोजिम योग्यता पूरा गरेका तथा दफा ३१ बमोजिम नकारात्मक सूचिमा नपरेका,स्तरबृद्धि हुनेभन्दा एक स्तर मुनिको सम्बन्धित सेवा, समूह र उप समूहको पदमा कार्यरत पोखरा महानगरपालिकामा समायोजन भएका ईच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराको website:www.ocmcm.gandaki.gov.np मा रहेको स्तरबृद्धि सम्वन्धि आवेदन फारम डाउनलोड गरी फारममा उल्लिखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत महाशाखा प्रमुखबाट प्रमाणित गराई **२ (दूई)** प्रति तयार गरी **मिति २०८०/०९/२४ गते (मंगलबार)** कार्यालय समयभित्र पोखरा महानगरपालिका प्रशासन महाशाखामा बुझाउनु हुन सूचित गरिन्छ ।

म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरि पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथी कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

(कृष्ण प्रसाद तिवारी)
प्रशासन महाशाखा प्रमुख